जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.४०/६८

दर्ता मिति :– २०७०/१०/२८

मुद्दा :– **हातहतियार खरखजाना ।**

निर्णय नं.१३२८ , मिति :– २०७१/०९/३०

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदनले **नेपाल सरकार**............१ | गोविन्दप्रसाद घिमिरेको छोरा जि. सुनसरी, पकली गा.वि.स. वडा नं.६ घर भई का.म.न.पा.-१४ बस्ने वर्ष ५० को **शिवप्रसाद घिमिरे**...................... १ |
| निजको प्रमाण.................................. | शिवप्रसाद घिमिरेको छोरा जि. सुनसरी, पकली गा.वि.स. वडा नं.६ घर भई का.म.न.पा.-१४ बस्ने वर्ष १८ को **सुगम घिमिरे**........................... १ |
| साक्षी ............. | बविन्द्र पुनको छोरा,जिल्ला म्याग्दी, बेनी गा.वि.स.वडा नं.३ बस्ने वर्ष १८ को **विसन पुन**....................................................................१ |
| कागज.......................................... | गणेश वलीको छोरा,जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा नं.४ धुम्वाराही बस्ने वर्ष २० को **दोशन वली** ............................................................१ |
| | टिलोसन श्रेष्ठको छोरा, जिल्ला ललितपुर, झम्सीखेल घर भई हाल का.म.न.पा.वडा नं.३२, डिल्लीबजार बस्ने वर्ष १८ को **तेजन श्रेष्ठ**...........१ |
| | समिर गुरुङको छोरा, जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा नं.३४ पुरानो वानेशवर बस्ने वर्ष १८ को **सन्नी गुरुङ्ग**.........................................१ |
| | निजको प्रमाण .................................................................. |
| | साक्षीः शिवनारायण श्रेष्ठ, अभिषेक बस्नेत ओम गुरुङ, रिक्जेन तामाङ, कुलबहादुर सुनुवार |
| | कागज ......................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण..........................................

साक्षीः-

कागजः

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–

१. मिति २०७०/१०/०८ गते का.जि.,का.म.न.पा. ४ धुम्वाराही स्थित अपार्टमेन्ट (हाउजिङ) पछाडि खाली जग्गामा ४ जना व्यक्तिहरु शंकास्पद अवस्थामा फेला पारी निजहरुको रीतपूर्वक शरिर खान तलासी लिदा सन्नी गुरुङको साथबाट Made in England Mark 325 N0. 1205 साइडमा र Webly Scott 51R migham लेखिएको Sixer रिभल्वर थान १, ऐ. रिभल्वरमा प्रयोग हुने गोली राउण्ड १, सामसुङ मोवाइल थान १, विसाल पुनको साथबाट आइफोन थान १, दोशन वलीको साथबाट आइफोन थान १, तेजन श्रेष्ठको साथबाट सामसुङ ट्याव थान १,

कलर्स मोवाइल थान १ फेला परेको र रिभल्वर सम्वन्धमा सोधपुछ गर्दा उक्त रिभल्वर का.म.न.पा., १४ रविभवन बस्ने सुगम घिमिरेले दिएको भनी बताएको, उल्लेखित स्थानमा गई निज सुगम घिमिरेलाई फेला पारी सोधपुछ गर्दा उक्त रिभल्वर आफ्नो भएको भनी स्वीकार गरेको र निजको डेरा कोठा खानतलासी गर्दा काठको दराज भित्र कालो प्लास्टिक भित्र सिक्सर रिभल्वरमा प्रयोग हुने गोली राउण्ड १३, नोकिया मोवाइल थान १ फेला परेको हुदा उक्त हतियार गोली तथा मोवाइल सहित दाखिला गरेका छौं, कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

२. *मिति २०७०/१०/०८ गते विहान साथी सुगम घिमिरेले फोन गरी मेरो घर आउँ भनि बोलाए पश्चात् मैले साथी तेजेन श्रेष्ठलाई फोन गरी मोटरसाइकल लिएर आउ भने पश्चात् निज मेरो घरमा आए र हामीहरु ललितपुर पुल्चोक जादै गर्दा सुगम घिमिरेसँग भेट भई हामीहरु तिनै जना कुराकानी गर्दा गर्दै सुगम घिमिरेले म सँग लोडेड गोली सहितको पेस्तोल छ, राख भनी भनेको हुँदा मैले उक्त गोली सहितको हतियार साथमा बोकी तेजन श्रेष्ठ र म मो.सा.चढी घर तर्फ फर्कदै गर्दा का.जि. धुम्बाराही बस्ने साथी विशाल पुनले टाटु बनाउदै छौं हेर्न आउ भनी बोलाए पछि म र तेजन श्रेष्ठ धुम्बाराही गयौं, सो स्थानमा विशाल पुन र अर्को साथी दोसन वली रहेछन् । हामीहरु ४ जना अपार्टमेन्ट पछाडि चौरमा बसी चुरोट सेवन गर्दै बसी गफगाफ गरी रहेको अवस्थामा मैले आफुसँग भएको रिभल्वर सबै साथीहरुलाई देखाई मैले उक्त हतियार सुगम घिमिरेबाट लिई आएको हो, उक्त हतियार सुगम घिमिरेको बुवा शिवप्रसाद घिमिरेको हो । हतियार २०७० सालको तिहारमा सुनसरीबाट आउदा ल्याएको हो, अझै १३ राउण्ड गोली घरमा नै छ रे भनी कुराकानी गरी बसेको अवस्थामा प्रहरी कर्मचारी आई मेरो साथबाट उक्त रिभल्वर १ र गोली राउण्ड १ फेला पारेको हो* भन्ने समेत व्यहोराको सन्नी गुरुङले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयान कागज ।

३. *२ वर्ष अगाडि साथीहरु मार्फत सन्नी गुरुङसँग चिनजान भई घनिष्ट साथी भएको हो, मैले २०७० सालको तिहार पछाडि सुनसरी, पकली घरबाट काठमाण्डौं, रविभवन स्थित घरमा फर्कि आउदा मिति २०७०/१०/०८ गते वरामद भएको रिभल्वर र ऐ.को गोली १४ समेत साथमा बोकी घरमा ल्याई राखेको थिएँ, पक्राउ पर्नु भन्दा करिव १ हप्ता अगाडि साथी सन्नी गुरुङलाई रिभल्वर १४ राउण्ड गोली भएको कुरा बताएकोमा मिति २०७०/१०/०८ गते विहान मैले सन्नी गुरुङलाई फोन गरी बोलाई आफुसँग भएको रिभल्वर र गोली राउण्ड १ दिएकोमा दिउसो ३.३० बजेको समयमा सन्नी गुरुङ, दोसन वली, विसाल पुन र तेजन श्रेष्ठ समेतलाई धुम्बाराहीमा बसी रहेको अवस्थामा रिभल्वर र गोली वरामद गरी अं.४.३० बजे प्रहरी टोली मेरो घरमा आई पक्राउ गरेका हुन् । पछि सोधपुछको क्रममा मिति २०७०/१०/०९ गते मेरो कोठा खान तलासी गर्ने क्रममा दराजमा लुकाई राखेको गोली राउण्ड १३ समेत प्रहरीले बरामद गरेका हुन्* भन्ने समेत व्यहोराको प्रतिवादी सुगम घिमिरेले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

४. *मिति २०७०/१०/०८ गते विहान साथी सन्नी गुरुङले फोन गरी भेट भएपछि हामीहरु साथी सुगम घिमिरेलाई एकछिन भेट भनी पुल्चोक गई सुगम घिमिरेलाई भनी कुराकानी गरी म र सन्नी गुरुङ धुम्बाराही गयौं, त्यहाँ दोसन वली र विसान पुनलाई भेटी धुम्बाराही हाउजिङ पछाडि चौरमा बसी चुरोट सेवन गरी बसेको अवस्थामा साथी सन्नीी गुरुङले सुगम घिमिरेसँगबाट मैले हतियार र गोली ल्याएको छु भनी देखाएको थियो । सोही समयमा प्रहरी आई हामीहरुलाई चेकजाँच गर्ने क्रममा सन्नी गुरुङको साथबाट रिभिल्वर १ र गोली राउण्ड १ समेत वरामद गरेको हो* भन्ने समेत व्यहोराको प्रतिवादी तेजन श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

५. *मिति २०७०/१०/०८ गते विहान विशाल पुन मगर मेरो घरमा आई टाटु हान्ने भनेको हुदाँ हामी दुवैजना टाटु हान्ने कुरा गर्दै मेरो घर नजिकको धुम्बाराही अपार्टमेन्टको पछाडि बसी रहेकोमा विसान पुनले सन्नीी गुरुङलाई फोन गरेको र त्यसको केही समय पछि सन्नी गुरुङ र तेजन श्रेष्ठ सोही स्थानमा आई चारै जनाले चुरोट सेवन गरी गरी रहेको अवस्थामा प्रहरीले म समेतलाई पक्राउ गरी ल्याएका हुन्* भन्ने समेत व्यहोराको प्रतिवादी दोसन वलीले अधिकार प्राप्त अधिकारी समक्ष लेखाइ दिएको वयान कागज ।

६. *मिति २०७०/१०/०८ गते मेरो पाखुरामा टाटु हान्ने विषयमा दोसन वलीसँग कुरा गर्न घरमा आई हामी दुवै निजको घर नजिक रहेको चौरमा गई कुराकानी गरी बसेको अवस्थामा सन्नी गुरुङलाई फोन गरेकोमा सन्नी गुरुङ र तेजेन श्रेष्ठ हामी भएको ठाउमा आए पछि हतियार देखाई कुराकानी गरी बसेको अवस्थामा प्रहरी आई हामीहरुलाई वरामद भएको हतियार र गोली सहित पक्राउ गरेका हुन्, पछि थप १३ राउण्ड गोली सुगम घिमिरेको घरबाट बरामद भएको हो, उक्त हतियार सुगम घिमिरेको बुवा शिवप्रसाद घिमिरेले पहिला देखि नै घरमा ल्याई राखेको रिभल्वर ऐ.को गोली राउण्ड १ सन्नी गुरुङलाई राख्न दिएको भनी वताएका थिए, मैले कुनै पनि किसिमको अपराधिक योजना तथा घटना घटाएको छैन* भन्ने समेत व्यहोराको प्रतिवादी विसान पुनले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

७. *मिति २०७०/१०/०८ गते दोसन वली, विसन पुनमगर, तेजेन श्रेष्ठ र सन्नी गुरुङ का.जि.का.म.न.पा.४ धुम्वाराही स्थित अपार्टमेन्ट नजिक रहेको चौरमा बसी रहेको अवस्थामा सन्नी गुरुङको साथबाट लोडेड रिभल्वर र ऐ.को गोली राउण्ड थान १ सहित प्रहरीले पक्राउ गरी लगेकोमा उक्त हतियार सुगम घिमिरेको भएको भन्ने बुझिएको हुदा निज समेतको कोठा खानतलासी गर्दा थप १३ राउण्ड गोली वरामद भएकोमा उक्त रिभल्वर तथा १४ राउण्ड गोली सुगम घिमिरेको बुवा शिवप्रसाद घिमिरेको हो भनी सुनेको हो, घरमा बनाउन नमिल्ने, भेटाउन पनि नसकिने उक्त हतियार र गोली घरमा नै राखेको हुदा निजहरु उपर कानून बमोजिम कारवाही गरी पाउँ* भन्ने समेत व्यहोराको नारायण पुनले लेखाई दिएको कागज ।

८. वारदातमा संलग्न प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष लेखाई दिएको वयान कागज तथा अन्य अनुसन्धान कार्यबाट शिवप्रसाद घिमिरे समेतको उक्त घटनामा संलग्न हुने भएको हुदा शिवप्रसाद घिमिरेलाई पक्राउ गरी दाखिला गरेका छौं कानून बमोजिम कारवाही गरी पाउ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

९. *मिति २०७०/१०/०८ गते दिउसो मेरो छोरा सुगमको एक जना साथीलाई साथमै लिएर छोरा सुगमको साथी सहित कोठा तलासी गर्न प्रहरी टोली घरमा आएको छोरालाई पक्राउ गरे पछि मिति २०७०/१०/०९ गते सादा पोसाकमा प्रहरी आई कोठा खानतलासी गर्दा थप १३ राउण्ड गोली समेत बरामद भएको हो, घरमा अवैध रुपमा हतियार राख्नु हुन्न भन्ने जानकारी छ, उक्त हतियार मेरो होइन, छोराले उक्त हतियार किन मेरो हो भनी वताएका हुन् जानकारी भएन* भन्ने समेत व्यहोराको प्रतिवादी शिवप्रसाद घिमिरेले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

१०. The Article No.1 is a standard factory made 0.32 inch caliber revolver, however, its outer appearance has been changed manually later on. It's action mechanism is not in perfect working order. It's barrel showed sign of discharge (fire) on chemical examintionof fouling with scienitfic accuracy तथा ३ थान गोली Misfired र अन्य ११ थान गोली जिवीत हुन भन्ने समेत व्यहोराको के.प्र.वि.वि.को परीक्षण प्रतिवेदन ।

११. महानगरीय प्रहरी वृत्त, महाराजगन्ज, काठमाण्डौबाट अनुसन्धान भई मिसिल संलग्न खानतलासी तथा वरामदी मुचुल्का, प्रहरी प्रतिवेदन, हतियार परीक्षण प्रतिवेदन समेतका आधार प्रमाणहरुबाट निज प्रतिवादीहरुमध्ये प्रतिवादी शिवप्रसाद घिमिरेले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा उक्त हतियार मेरो छोरा सुगम घिमिरेले के कहाँबाट ल्याएको हो थाह भएन भनी वयान दिएता पनि अन्य प्रतिवादीहरुको वयान समेतबाट निज प्रतिवादी शिवप्रसाद घिमिरेले नै अवैध हतियार तथा गोली ओसार पसार गर्ने, आफु साथ राख्ने कार्य गरेकोमा सोही हतियार तथा गोली निजकै छोरा सुगम घिमिरेले सन्नी गुरुङलाई दिएको अवस्थामा रिभल्वर थान १ र ऐ. को गोली राउण्ड- १ मिति २०७०/१०/०८ गते का.जि.का.म.न.पा.-४ धुम्वाराहीबाट फेला परेको र प्रतिवादी शिवप्रसाद घिमिरेको घर कोठा खानतलासी गर्दा निजकै घरको कोठाबाट रिभल्वरको गोली राउण्ड १३ सहित वरामद हुन आएको र सुगम घिमिरेले अवैध हतियार अर्का प्रतिवादी सन्नी गुरुङलाई दिएको र अन्य अभियुक्तहरु तेजन श्रेष्ठ, विसन पुन, दोसन वली र सन्नी गुरुङसगैं पक्राउ परेकोले प्रतिवादी शिवप्रसाद घिमिरे, सुगम घिमिरे, र सन्नी गुरुङले अवैध रुपमा हातहतियार खरखजाना राखेको र ओसार पसार गरेको अन्य अभियुक्तहरु तेजन श्रेष्ठ, विसन पुन र दोसन वली सन्नी गुरुङसगै पक्राउ परेको देखिदा अभियुक्तहरु शिवप्रसाद घिमिरे, सुगम घिमिरे, सन्नी गुरुङ, विसाल भन्ने विसन पुन, दोसन वली र तेजन श्रेष्ठलाई हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसुरमा सोहि ऐनको दफा २० (२) र दफा २०(३) बमोजिम सजाँय गरी वरामद हातहतियार तथा खरखजाना सोहि ऐनको दफा १६ बमोजिम जफत गरी दफा २५ बमोजिम पुस्कार समेत दिलाई भराई पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

१२. *मेरो अफिसबाट मिति २०७०/१०/०८ गते वेलुका प्रहरी आई केही बुझ्नु छ भनी महाराजगन्ज प्रहरी बृत्तमा लगि सोही दिन देखी हिरासतमा राखेको हो, वरामदी मुचुल्का कहाँ, के कसरी भएको हो मलाई थाह छैन, सन्नी गुरुङबाट भएको भनिएको पेस्तोल र गोली निजबाट बरामद भए नभएको मलाई थाह छैन, सो पेस्तोल र गोली राख्न दिएको पनि होइन, सन्नी गुरुङसँग सो दिन भेटघाट पनि भएको छैन, मिति २०७०/१०/०९ को वरामदी मुचुल्काको सहीसम्म मेरो हो, मुचुल्का अनुसार मेरो कोठाबाट १३ राउण्ड गोली वरामद गरेको होइन, मलाई प्रहरीले अफिसबाट लगेपछि नाम ठेगाना सोधपुछ गरेको थियो, एक छिनमा बुवा आउनु भयो, बुवा आई सकेपछि प्रहरीले भरे छाडि दिन्छौ भनी एक छिन पछी एउटा नेपाली कागजमा सहीछाप लगाउ भन्यो, के कागज भन्दा तिमीलाई छाड्ने कागज हो भनी पढेर सुनाइएन, मैले विश्वासमा सही गरी दिएँ, अहिले हेर्दा झुट्ठा वरामदी मुचुल्कामा सहीछाप गराएको रहेछ । मैले मिति २०७०/१०/१३ गतेको अनुसन्धान अधिकृत समक्ष गरेको भनिएको वयानमा डर त्रास धम्की दिई पहिले नै लेखी तयार गरेको कागजमा दस्तखत ल्याप्चे लगाउन लगाएको हो, उक्त वयानमा भएको व्यहोरा मेरो राजी खुसीको हैन, मेरो घरमा १३ राउण्ड गोली छ भनी निजलाई वताएको पनि थिइन, प्रहरीले मलाई अघिल्लो दिन पक्राउ गरी लगी भोलिपल्ट*

*झुट्ठा वरामदी मुचुल्का तयार गरी मलाई फसाइएको हो । महाराजगन्ज प्रहरी वृत्त अगाडि हाम्रो पेट्रोल पम्प छ, प्रहरीले तेल उधारोमा मागी हैरान पारेकोमा यही पौष अन्तिमतीर उधारोमा तेल दिन बुवाले इन्कार गरेकोमा प्रहरीसँग विवाद भएको थियो, पख तलाई देखाई दिन्छु भनी प्रहरी गएका थिए, सायद यही कारणले हामी बावु छोराको सामाजिक प्रतिष्ठा घटाउन मुद्दा खडा गरी फसाएको हो* भन्ने समेत व्यहोराको प्रतिवादी सुगम घिमिरेले यस कार्यालयमा गरेको इन्कारी वयान ।

१३. *मिति २०७०/१०/०८ गते धुम्वाराही स्थित अपार्टमेन्ट पछाडिको खाली ठाउमा तेजन श्रेष्ठ, दोसन वली, सन्नी गुरुङ र म समेत बसी चुरोट खाई रहेको अवस्थामा प्रहरी टोली आई हामीहरुलाई एकसाथ पक्राउ गरेको हो, तत्समयमा मेरो साथी सन्नी गुरुङको साथबाट प्रहरीले हतियार सिक्सर पेस्तोल र गोली वरामद गरेको मैले देखिन, हतियार र गोलीको विषयमा मलाई केही थाह छैन, वरामदी मुचुल्कामा भएको ल्याप्चे मेरो हुन सक्छ, प्रहरीले विभिन्न कागजमा ल्याप्चे लगाउन लगाएकोले मेरो हुन सक्छ । प्रतिवादी शिवप्रसाद घिमिरे र सुगम घिमिरेलाई म चिन्दिन, तेजन श्रेष्ठ र दोसन वलीलाई २ वर्ष देखी चिन्दछु, सन्नीसँग दशैंदेखि चिनजान भएको हो, मिति २०७०/१०/१९ मा अनुसन्धान अधिकृत समक्ष गरेको वयानको ल्याप्चे र दस्तखत मेरो हो, उक्त वयानमा भएको व्यहोरा मेरो होइन, उक्त वयान मलाई हेर्न पढ्न नदिई जवर्जस्ती सहीछाप गराएको हो, सुगम घिमिरेसँग यस अघि भेटघाट नै भएको थिएन, म टाटु हान्ने भनी साथीहरुसँग जाने भनी आपसमा सल्लाह गरी वसी रहेको अवस्थामा प्रहरीले म समेतलाई पक्राउ गरेको हो, तत्समयमा सन्नीको साथबाट कुनै हतियार वरामद भएको थिएन, यस वाहेक अन्य कुरा मलाई थाह छैन, बुझिएका मानिस नारायण पुन मेरो कान्छा बुवा हुनु हुन्छ, उहाले किन त्यस्तो कागज गरी दिनु भयो मलाई थाह भएन, अभियोग पत्रको माग दावी अनुसार मबाट कुनै कसूर नभएको र म निर्दोष भएकोले अभियोग पत्रको मागदावी अनुसार मलाइ सजाँय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी विसाल भन्ने विसन पुनले यस कार्यालयमा गरेको इन्कारी वयान ।

१४. *मिति २०७०/१०/०८ गतेको वरामदी मुचुल्काको सहीछापसम्म मेरो हुन सक्छ, प्र.सन्नी गुरुङ, विसन पुन, दोसन वली र म समेतका चार जना साथीहरु धुम्वाराही अपार्टमेन्ट पछाडि घाम तापी चुरोट खाई रहेको अवस्थामा प्रहरीले पक्राउ गर्न खोज्दा सामान्य विवाद भएको र हामीहरुलाई त्यहाँबाट नियन्त्रणमा लिई गएको हो । तत्समयमा सन्नी गुरुङको साथबाट कुनै हतियार वरामद गरिएको थिएन, प्रहरी चौकीमा लगि सकेपछि मात्र सन्नीबाट हतियार वरामद गरिएको भन्ने आरोप लगाइएको कुरा थाह भएको हो, शिवप्रसाद घिमिरे र सुगम घिमिरेलाई म चिन्दिन र दोसन वली र विसन पुनसँग पहिले देखि नै चिनजान थियो, सन्नी गुरुङलाई केही दिन पहिलेमात्र सामान्य चिनजान भएको थियो, मिति २०७०/१०/१४ मा अनुसन्धान अधिकृत समक्ष गरेको वयानमा भएको दस्तखत र ल्याप्चेसम्म मेरो हो, उक्त वयान प्रहरीले मलाई हेर्न र पढ्न नदिई सहीछाप गराएको हो, सन्नी गुरुङसँग म सुगम घिमिरेलाई भेट्न मेरै मोटरसाइकलमा पुल्चोक आएको भन्ने कुरा झुट्ठा हो, सन्नी गुरुङसँग मेरो भेट धुम्वाराहीमा भएको र हामी चार जना एकसाथ भएको अवस्थामा प्रहरीले सोधपुछ गर्ने भनी पक्राउ गर्न खोज्दा विवाद भएको र प्रहरीले जवर्जस्ती म समेतलाई पक्राउ गरी लगेको हो, सुगमलाई पक्राउ गर्नु भन्दा पूर्व मैले देखेकोसम्म थिइन, नारायण पुन भन्ने व्यक्तिलाई म चिन्दिन, निजले त्यस्तो व्यहोरा किन लेखाउनु भयो मलाई थाह भएन, अभियोग पत्रको मागदावी अनुसार मेरो कुनै कसुर नभएको र म निर्दोष भएकोले मलाई मागदावी अनुसार सजाँय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी तेजन श्रेष्ठले यस कार्यालयम गरेको इन्कारी वयान ।

१५. *मिति २०७०/१०/०८ गतेको वरामदी मुचुल्काको ल्याप्चेसम्म मेरो हुन सक्छ, तेजन श्रेष्ठसँग धुम्वाराहीमा भेट भई विसन पुन, दोसन वली बसी रहेको ठाउमा घाम ताप्दै चुरोट खाई आपसमा गफ गरी बसी रहेको अवस्थामा प्रहरी आई यहाँ किन चुरोट खाई बसेको भनी हामीहरुलाई हप्की दप्की गाली गलौज गर्दा हामीले प्रतिकार गर्दा आपसमा विवाद भएकोले प्रहरी टोलीले तिमीहरुलाई ठीक पार्छु भनी जवर्जस्ती नियन्त्रणमा लिई चौकीसम्म पुऱ्याएको हो, म वाट कुनै हतियार र गोली वरामद भएको होइन, वरामदी मुचुल्काको व्यहोरा पूर्णतः झुट्ठा हो, सो मुचुल्कामा प्रहरी चौकी मै जवर्जस्ती हात पकडेर छाप लगाइएको हो, प्रतिवादी शिवप्रसाद घिमिरेलाई म चिन्दिन, विसन पुन, तेजन श्रेष्ठ, दोसन वलीलाई चिन्दछु, सुगम घिमिरेसँग सामान्य चिनजान सम्म छ, मिति २०७०/१०/१३ गते मैले अनुसन्धान अधिकृत समक्ष गरेको भनिएको वयानको सही र ल्याप्चेसम्म मेरो हो, उक्त वयान मलाई हेर्न र पढ्न नदिई जवर्जस्ती डर त्रास देखाई सहीछाप सम्म गराएको हो, वरामद गरिएको भनिएको दिन सुगमसँग मेरो भेट भएको पनि होइन र निजले मलाई कुनै हतियार राख्न दिएको समेत होइन, मवाट कुनै हतियार वरामद भएको पनि होइन, आफ्नो घरमा*

*गोली भएको कुरा मलाई वताएको पनि होइन, वरामद भएको भनिएको पेस्तोल र गोली १४ थान कस्को हो, के कारणले प्रहरीले ल्याएका हुन्, मलाई थाह छैन, झुट्ठा बरामदी मुचुल्का तयार गरी म समेतलाई फसाउने गरी प्रहरीले उक्त मुचुल्का तयार गरेको हो, नारायण पुनलाई म चिन्दिन, उहाले त्यस्तो कागज के कारणले गरी दिनु भयो मलाई थाह भएन, झुट्ठा बरामदी मुचुल्काको आधारमा पेश भएको अभियोग पत्रको मागदावी अनुसार मलाई सजाँय हुनु पर्ने होइन, म निर्दोष छु,* भन्ने समेतको व्यहोराको प्रतिवादी सन्नी गुरुङले यस कार्यालयमा गरेको इन्कारी वयान ।

१६. *मिति २०७०/१०/०८ गतेको वरामदी मुचुल्काको ल्याप्चेसम्म मेरो हुन सक्छ, प्रहरीले चौकीमा म समेतलाई पक्राउ गरी सकेपछि विभिन्न कागजमा सहीछाप ल्याप्चे लगाएको थियो, मिति २०७०/१०/०८ गते सन्नी गुरुङ, तेजन श्रेष्ठ, विसन पुन र म समेत धुम्वाराही स्थित अपार्टमेन्ट पछाडि घाम तापी चुरोट खाई रहेको अवस्थामा प्रहरी आई हामी चार जनालाई एकसाथ पक्राउ गरेको हो, पक्राउ गर्ने क्रममा प्रहरीसँग हाम्रो विवाद समेत भएको थियो, तत्समयमा सन्नी गुरुङबाट कुनै हतियार वरामद भएको मैले देखिन, वरामद भएको होइन, पछि हामीलाई चौकीमा लगेपछि मात्र सन्नीबाट हतियार र गोली वरामद भएको भन्ने हामीलाई सुनाइएको थियो, शिवप्रसाद घिमिरे र सुगम घिमिरेलाई म चिन्दिन, विसन पुन, तेजन श्रेष्ठसँग मैले केही समय अगाडि देखि चिन्दछु,, सन्नीसँग चिनजान भरखरमात्र भएको हो, मैले मिति २०७०/१०/१४ मा अनुसन्धान अधिकृत समक्ष गरेको ल्याप्चे सहीसम्म मेरो हो, हेर्न र पढ्न समेत नदिई सहीछाप गराएको हो, सन्नी गुरुङबाट तत्समयमा हतियार वरामद भएको मलाई थाह भएन, सुगम घिमिरेबाट १३ राउण्ड गोली वरामद भएको कुरा मलाई थाह छैन, अतयव वयान मेरो होइन, बुझिएका मानिस नारायण पुनलाई म चिन्दिन, निजले त्यस्तो व्यहोरा किन लेखाई दिनु भयो मलाई थाह भएन, अभियोगको मागदावी अनुसार मलाई सजाँय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी दोसन वलीले यस कार्यालयमा गरेको इन्कारी वयान ।

१७. *मिति २०७०/१०/०८ को वरामदी मुचुल्का अनुसार प्रहरीले हतियार वरामद गरेको मैले देखेको होइन, सन्नी गुरुङसँग हतियार वरामद भयो भएन मलाई थाह छैन, मेरो छोरा सुगम घिमिरे अध्ययनरत विद्यार्थी भई मेरो व्यापारमा समेत सघाउने व्यक्ति भएको र हाम्रो आर्थिक हैसियत सवल रहेको हुदा अवैध हतियार हामीले राख्न पर्ने अवस्था पनि छैन र हतियारको कारोवार गर्नु पर्ने पनि स्थिति समेत नहुदा मेरो छोराले सन्नी गुरुङलाई हतियार राख्न दिएको भन्ने कुरा पूर्णतः झुट्ठा हो, हाम्रो सामाजिक तथा व्यापारिक प्रतिष्ठामा आघात पुऱ्याउन हामी बावु छोरालाई फसाउने कोशिस गरिएको हो, मिति २०७०/१०/०९ को वरामदी मुचुल्काको व्यहोरा सुनी पाए, म उच्च रक्तचाप, सुगर, थाइराइड, समेतको कारणले आफ्नो घर रविभवनमा आराम गरी मिति २०७०/१०/०८ गते घरमै बसेको थिए, सो दिन वेलुका करिव ४.३० बजे प्रहरी मेरो टेकु स्थित अफिसमा छोरा सुगम घिमिरेलाई केही बुझ्नु छ भनी महाराजगन्ज प्रहरी वृत्तमा लगेछ, सो कुरा थाह पाई म सो कार्यालयमा पुग्दा करिव सवा पाँच वजी सकेको थियो, कार्यालय प्रमुखलाई भेट्न खोज्दा उहा वाहिर गएकोले भेट हुन सकेन, केही बेरपछि अन्दाजी ६.०० बजे तीर उहा आई सके पछि किन मेरो छोरालाई ल्याएको भनी सोध्दा केही कुरा बुझ्नु छ, भरे छाडी दिन्छु बस्दै गर्नुहोस् भनेपछि करिव ७.३० बजेतिर मुद्दा फाँटका प्रहरीले मलाई फाँटमा वोलाई तपाईको छोरा छुट्ने कागज हो भनी एउटा लेखि राखेको नेपाली कागजमा सहीछाप लगाउन भने, सो ठाउमा उज्यालो राम्रो नभएको, हतारमा हिड्दा मैले चश्मा लान विर्सेको कारणले सो कागज आफुले पढ्न सकिन र प्रहरी प्रति विश्वास गरी सहीछाप गरी दिएको हुँ । आज मलाई मिति २०७०/१०/०९ गतेको वरामदी मुचुल्का देखाउदा मात्र छोरा छोड्ने कागज हो भनी सो वरामदी मुचुल्कामा सहीछाप गराएको थाह भयो । वरामदी मुचुल्कामा उल्लेख गरे वमोजिम मेरो छोराको कोठाबाट कुनै अवैध गोली वरामद होइन, थिएन । सो दिन प्रहरीले प्राविधिक कारणले छोड्न मिलेन, २-४ दिन लाग्छ भने पछि म आफ्नो घर फर्की उपचार मै बसेको थिए । मैले मिति २०७०/१०/२१ गते अनुसन्धान अधिकृत समक्ष गरेको वयानको सहीछाप सम्म मेरो हो, व्यहोरा मेरो होइन, प्रहरीले मलाई मेरो व्यापारको विषयमा सोधपुछ गरेको थियो, गोली हतियारको वारेमा सोधेको थिएन, मेरो घरबाट गोली जस्तो देखिने बस्तु वरामद भएको थियो भनी मैले भनेको पनि थिएन । प्रहरीले मलाई हामीले भनेको ठाउमा सहीछाप लगाउनुस् होइन भने हतकडी लगाएर काठमाण्डौ बजार घुमाउछौ भनेकोले सो गरिएबाट मेरो सामाजिक र व्यापारिक प्रतिष्ठा सखाप हुने डरले मैले प्रहरीले आफु खुसी लेखेको मेरो भनिएको वयान कागजमा नपढी सहीछाप सम्म गरी दिएको हूँ, सो वयान कागजको व्यहोरा प्रहरीको वनावटी तथा झुट्ठा हो । मेरा व्यापारिक प्रतिद्वन्दीहरुसँग लागी प्रहरी समेतले हामी बाबु छोरालाई नभएको नगरेको कसुरमा फसाउन त्यस्तो कागज खडा गराईएको हो, सन्नी गुरुङ लगायतका प्रतिवादीहरुको म उपर समेतको आरोप विलकुलै झुट्ठा हो, प्रस्तुत मुद्दामा देखइएको हतियार र गोलीमा म र मेरो छोराको संलग्नता छैन, प्रहरीले मेरो पेट्रोल पम्पबाट यही पौष महिनाबाट*

*उधारोमा कारोवार गर्न नपाएको रिस राखी हतियार खरखजाना मुद्दामा हामी निर्दोष बाबु छोरालाई फसाएको हो* भन्ने समेतको व्यहोराको प्रतिवादी शिवप्रसाद घिमिरेले यस कार्यालयम गरेको इन्कारी वयान ।

१८. *यसमा वरामदी मुचुल्का, पक्राउ परेका प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज, सन्नी गुरुङको साथबाट वरामद भएको पेस्तोल थान -१ र गोली थान १ प्र.सुगम घिमिरेले राख्न दिएको भन्ने प्रतिवादी मध्येका सन्नी गुरुङको वयान र सुगम घिमिरेको घरकोठाबाट थप १३ राउण्ड गोली समेत वरामद भएको अवस्थामा प्र.शिवप्रसाद घिमिरे समेतको अवैध हातहतियार आफुसँग राख्नमा संलग्नता थिएन भन्न सक्ने अवस्था अहिले नै नदेखिएकोले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी प्रतिवादी सन्नी गुरुङ र सुगम घिमिरेलाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा २४(क) बमोजिम पूर्पक्षको लागि थुनामा राखी कारवाही गर्नु र अन्य प्रतिवादीरुका हकमा मु.ऐ. अ.वं.११८(५) नं. वमोजिम प्रतिवादी शिवप्रसाद घिमिरेसँग रु १,५०,०००।-,प्रतिवादी विसन पुन, प्रतिवादी दोशन वली र प्रतिवादी तेजन श्रेष्ठसँग जनही रु ८०,०००।- का दरले नगद वा सो वरावरको जेथा धरौट माग गर्नु सो दिएमा तारेखमा राखी नदिए कानून बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु,वरामद हतियार सिक्सर पेस्तोल थान १ र गोली थान १४ सुरक्षितसाथ राख्न प्रहरीमा लेखी पठाउनु* भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०/१०/२९ को आदेश ।

१९. यस कार्यालयको मिति २०७०/१०/२९ को आदेशले प्रतिवादी सुगम घिमिरेलाई पछि ठहरे बमोजिम हुने गरी हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(क) बमोजिम पुर्पक्षको लागी थुनामा राखी कारवाही भै रहेकोमा पुनरावेदन अदालत पाटनबाट मिति २०७०/११/२३ मा *प्रतिवादी सुगम घिमिरे खराब आचरणका मानिस हुन भन्ने अवस्था तत्काल प्राप्त प्रमाणबाट नदेखिएको एवं निजको उमेर, पेशा र मानसिक अवस्थाको सम्बन्धमा बिचार गर्दा १८ वर्षको १०+२ स्तरको ए लेबलमा अध्ययनरत अपरिपक्क टिनएजर छात्र रहेको समेत अवस्थालाई समेत मध्यनजर गर्दा निजलाई थुनामै राखी कारवाही गर्ने गरी भएको आदेश मनासिव नदेखिदा बदर गरिएको र निज प्रतिवादीबाट मिति २०७०।११।२३ मा रु.१,५०,०००।- धरौटि वा जेथा दिए लिई निजलाई थुना मुक्त गरी तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु* भन्ने आदेश भएपछि निज प्रतिवादीबाट आदेश अनुसारको धरौटी लिई तारेखमा रहेका ।

२०. *प्रतिवादी शिवप्रसाद घिमिरे र प्रतिवादी सुगम घिमिरेलाई म ६/७ वर्ष देखी चिन्दछु । निजहरुको चालचलन आनीवानी राम्रो छ । यी प्रतिवादीहरु बाबु छोरा भएको, उहाहरुको आफ्नै पेट्रोलियम पदार्थको व्यवसाय भएको साथै निजहरुसँग इजाजत-पत्र भएको हतियार समेत भएकोले अवैध हातहतियार खरखजना राख्नु पर्ने कुनै कारण नै नभएको साथै वरामदी मुचुल्कामा उल्लेखित हतियार निजहरुबाट वरामद नभएकाले अभियोग पत्रको माग दावी अनुसार सजाँय हुनु पर्ने होइन । प्रहरीले झुट्ठा मुद्दा वनाई फसाएको मात्र हो, प्रहरीसँग डिजल पेट्रोल उधारोमा माग्दा विवाद भएको कारणले यस्तो मुद्दा लगाइएको हो, निजहरुले सफाई पाउनु पर्छ* भन्ने समेत व्यहोराको प्रतिवादी शिवप्रसाद घिमिरे र प्रतिवादी सुगम घिमिरेको साक्षीहरु शिवनारायण श्रेष्ठ र अभिषेक बस्नेतले यस कार्यालयमा गरेको करिव एकै मिलानको वकपत्रको व्यहोरा ।

२१. *प्रतिवादी सन्नी गुरुङलाई म सानै देखी चिन्दछु । निजको चालनचलन आनी वानी राम्रो छ । निज अवैध हतियार साथमा लिई हिड्ने, आफ्नो साथमा राख्ने सम्मका व्यक्ति होइनन् । मिति २०७०।१०।८ गते म काम विशेषले धुम्वाराही पछाडि आसपासमा गएको थिए । अपार्टमेन्टको पछाडि पट्टिको खाली जमिनमा सन्नी गुरुङ लगायतका ४ जना केटाहरु चुरोट खाई आपसमा ठूलो स्वरले गफ गर्दै हाँस्दै थिए । सोही अवस्थामा प्रहरी आई निजहरुलाई सोधपुछ केरकार गर्ने क्रममा प्रहरीसँग वादविवाद, एकआपसमा गालीगलौज भनाभन भएकाले प्रहरीले निजहरुलाई त्यहींबाट नियन्त्रणमा लिई गएको हो । तत्समयमा निजहरुमध्ये कोही कसैबाट कुनै हतियार खरखजना वरामद भएको थिएन । प्रहरीसँगको विवादकै कारणले होला यी ४ जनालाई हातहतियार मुद्दाको झुट्ठा आरोप लगाई फसाएको हो । सन्नी गुरुङबाट कुनै हतियार वरामद नभएकाले निजहरुलाई अभियोग पत्रको मागदावी अनुसार सजाँय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी सन्नी गुरुङका साक्षी ओम गुरुङले यस कार्यालयमा गरेको वकपत्र ।

२२. *प्रतिवादी दोशन वलीबाट कुनै हातहतियार खरखजना वरामद नभएको र निजहरु धुम्वाराही स्थित अपार्टमेन्ट पछाडि साथीहरुसँग बसी रहेको अवस्थामा प्रहरीले केरकार सोधपुछ गर्दा विवाद गरेकाले पक्राउ परेको र विवाद गरे वापत अनुसन्धानकै क्रममा थुनामा पनि बस्नु परेको हुदा अव निजलाई सजाँय हुनु पर्ने होइन निजले सफाई पाउनु पर्ने हो* भन्नेसमेतको प्रतिवादी दोशन वलीका साक्षी रिक्जेन तामाङले यस कार्यालयमा गरेको वकपत्र ।

२३. *तेजन श्रेष्ठ र विसन पुनलाई म सानै देखि चिन्दछु । यी प्लस टू मा पढ्ने विद्यार्थीहरु हुन् । यी दुवै जनाको आनीवानी चालचलन राम्रो छ । धुम्वाराही स्थित अपार्टमेन्ट पछाडि आपसमा ठुलो स्वरले गफ गर्दै हाँस्दै बसी रहेको अवस्थामा प्रहरी आई निजहरुलाई सोधपुछ केरकार गर्न लाग्दा प्रहरीसँग वादविवाद भनाभन भएकै कारणले पक्राउ गरी लगेको सम्म हो, तत्समयमा यी प्रतिवादीहरुबाट कुनै हतियार वरामद भएको थिएन, पछि प्रहरीले हतियार मुद्दा लगाएको कुरा थाह पाएको हुँ, अतयव निजहरुबाट हुदै नभएको कसूरमा सजाँय हुनु पर्ने होइन, सफाई पाउनु पर्छ* भन्ने समेतको व्यहोरा प्रतिवादी तेजन श्रेष्ठ र विसन पुनका साक्षी कुलबहादुर सुनुवारले यस कार्यालयमा गरेको वकपत्र ।

यस कार्यालयबाट तोकिएको तारेखमा बकपत्रका लागि पत्राचार गरिएकोमा वादी नेपाल सरकारका तर्फबाट कुनै साक्षी उपस्थित नभएको देखियो ।

## <u>यस कार्यालयको ठहर</u>

नियम बमोजिम मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।१०।०८ गतेका दिन का.जि.,का.म.न.पा.४ धुम्वाराही स्थित अपार्टमेन्ट (हाउजिङ) पछाडि खाली जग्गामा शंकास्पद अवस्थामा देखा परेका प्रतिवादी सन्नी गुरुङको साथबाट Made in England 325 लेखिएको Sixer रिभल्वर थान १ र सो को गोली थान १ समेत फेला परेको साथै रहेका विसन पुन, दोशन वली र तेजन श्रेष्ठको साथबाट मोवाइल फोन लगायतका चिजबस्तु फेला परेको, मिति २०७०।१०।९ गते का.जि.का.म.न.पा.वडा नं. १४ रविभवन स्थित शिवप्रसाद घिमिरेको कोठा भित्रको दराजबाट रिभल्वरमा प्रयोग हुने गोली राउण्ड-१३ फेला परेको, सो हातहतियार खरखजना राख्ने बोक्ने कार्यमा प्रतिवादीहरु सन्नी गुरुङ, तेजन श्रेष्ठ, दोशन वली, विसन पुन, शिवप्रसाद घिमिरे र सुगम घिमिरेको संलग्नता रहेकाले प्रतिवादीहरुलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसूर अपराधमा ऐ. दफा २०(२) र २०(३) बमोजिम सजाँय गरी वरामद हतियार ऐ.दफा १६ बमोजिम जफत गरी दफा २५ बमोजिम पुस्कार समेत दिलाई भराई पाउँ भन्ने समेत अभियोग दावी रहेछ ।

यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता कृष्णजंग शाहले प्रतिवादीहरुलाई अभियोग माग दावी बमोजिम सजाँय हुनुपर्ने भनी लिएको दावी तथा प्रतिवादी सुगम घिमिरे र सन्नी गुरुङका तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु क्रमशः खगेन्द्र राउत र बिष्णु डुम्रेले अभियोग माग दावीबाट सफाई पाँउ भनी लिएको वहस जिकिर समेत सुनी मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा मिति २०७०।१०।०८ गते काठमाण्डौं जिल्ला, का.म.न.पा.-४ धुम्वाराहीमा सन्नी गुरुङको शरिर खानतलासी गर्दा रिभल्वर थान १ र गोली राउण्ड १ समेत फेला परेको भन्ने खानतलासी वरामदी मुचुल्का भई सो को रोहवरमा प्र.सन्नी गुरुङ, तेजन श्रेष्ठ, दोशन वली र विसन पुनले सहीछाप गरेको र मिति २०७१।१०।९ गते प्र.शिवप्रसाद घिमिरेको घरबाट १३ राउण्ड गोली वरामद भएको भन्ने खानतलासी वरामदी मुचुल्का भई सो को रोहवरमा सुगम घिमिरेले सहीछाप गरेको र प्र.शिवप्रसाद घिमिरले घरधनीका हैसियतमा सहीछाप गरेको देखियो ।

अव उल्लेखित वारदातमा को कसको के कस्तो संलग्नता छ भन्ने सम्वन्धमा विश्लेषण गर्दा प्र.सन्नी गुरुङको साथबाट रिभल्वर थान १ र गोली राउण्ड १ वरामद भएको, निजले अनुसन्धानको क्रममा *चिनजानका साथी सुगम घिमिरेले मिति २०७०।१०।८ मा रिभल्वर र गोली सुरक्षितसाथ राख्न भनी दिएकाले राखेको हुँ । उक्त रिभल्वर साथमा वोकी सोही दिन धुम्वाराही आई विसन पुन, दोसन वली र तेजन श्रेष्ठ सँगै बसी चुरोट खाई रहेको अवस्थामा प्रहरी आई पक्राउ गरी वरामद गरेको हो* भनी कसूरमा सावित रही वयान गरेका र यस कार्यालयमा गरेको वयानमा *आफुसँग कुनै हातहतियार वरामद नभएको वरामदी मुचुल्का र अनुसन्धानको क्रममा भएको बयान कागजको व्यहोरा पढ्न नदिई जबरजस्ती सही गराएको* भनी इन्कारी वयान गरेका, तत्काल प्राप्त प्रमाणका आधारमा कसूरदार हुन् भन्ने विश्वास गर्ने मनासिव आधार देखिए बमोजिम प्रतिवादी सन्नी गुरुङलाई मुद्दा पुर्पक्षका लागि थुनामा पठाइएकोमा सो आदेश विरुद्ध परेको निवेदनमा पुनरावेदन अदालत पाटनबाट यस कार्यालयबाट भएको आदेश वेरितको नदेखिएकाले बदर गर्न नपर्ने भनी आदेश भएको देखिन्छ । वरामद भएको हतियार Factory

Made Revolver भएको र हाल चालु अवस्थामा नरहेको, गोलीहरु सोही रिभल्भरमा लाग्ने खालको रहेको भन्ने व्यहोराको परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेबाट वरामद चिजबस्तु हातहतियार खरखजना भएकोमा कुनै विवाद रहेन । त्यसै गरी प्रतिवादी सुगम घिमिरेको घरकोठाबाट गोली राउण्ड १३ वरामद भएको, अनुसन्धानको क्रममा *वरामद भएको रिभल्वर १ र गोली १ आफुले मिति २०७०।१०।८ मा अर्का प्रतिवादी सन्नी गुरुङलाई राख्न दिएको, प्र.दोशन वली, तेजन श्रेष्ठ र विसन पुनलाई पक्राउमा परे पछि मात्र चिनेको, शिवप्रसाद घिमिरे आफ्नो वावु रहेको, रिभल्वर र १४ राउण्ड गोली २०७० सालको लक्ष्मी पूजाको दिन सुनसरीमा थैलीमा लुकाएको अवस्थामा फेला पारी सुनसरी स्थित घरमा राखेको र काठमाण्डौ आउदा साथमै बोकी ल्याएको, साथमा हतियार राख्दा आफु र परिवारलाई अप्ठ्यारो पर्छ कि भन्ने ठानी सन्नी गुरुङलाई राख्न दिएको, हतियार र गोलीहरु भेट्टाएको र साथमा राखेको भन्ने कुरा कसैलाई पनि नबताएको र सन्नी गुरुङ पक्राउ परेपछि प्रहरी घरमा आई कोठामा दराज भित्र लुकाई राखेको अवस्थामा १३ राउण्ड गोली वरामद भएको* भनी वयान गरेका रहेछन् । यस कार्यालयमा *आफुले सन्नी गुरुङलाई रिभल्वर र गोली राख्न नदिएको, आफ्नो घर भित्रबाट कुनै गोली वरामद नभएको, वरामदी मुचुल्का र अनुसन्धानको क्रममा भएको वयान कागज पढ्न नदिई सहीछाप गराएको* भनी कसूरमा इन्कार रही बयान गरेका रहेछन् । तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी कसूरदार हुन् भन्ने विश्वास गर्ने मनासिव आधार देखिए बमोजिम मुद्दा पूर्पक्षका लागि थुनामा पठाइएकोमा सो आदेश विरुद्ध यी प्रतिवादीले पुनरावेदन अदालत पाटनमा निवेदन गरी सम्मानित अदालतको मिति २०७०।११।२३ को आदेश बमोजिम निजसँग रु १,५०,०००।- नगदै धरौटी लिई तारेखमा रहेको देखिन्छ ।

अतः माथि विवेचना गरिएका तथ्यहरुका आधारमा विश्लेषण गर्दा प्रतिवादी सुगम घिमिरे र सन्नी गुरुङ चिनजानका साथी रहेका, मिति २०७०।१०।८ गते ललितपुर पुल्चोकमा सुगम घिमिरेले सन्नी गुरुङलाई रिभल्वर थान १ र गोली राउण्ड १ राख्न दिएको र सो रिभल्वर र गोली साथमा बोकेको अवस्थामा का.म.न.पा.धुम्वाराहीमा आई साथीहरु गफ गरी बसेको अवस्थामा प्रहरी आई चेकजाँच गर्दा हतियार तथा गोली सोही दिन वरामद भएको, निज सन्नी गुरुङले दिएको सूचनाका आधारमा भोलीपल्ट २०७०।१०।९ मा सुगम घिमिरेको घर कोठा खानतलासी गर्दा दराजभित्रबाट १३ राउण्ड गोली वरामद भएको तथ्य पुष्टी हुन आयो । **कानुनले प्रतिबन्धित चिज वा वस्तु कसैको साथबाट वा बासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासीव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन गरेको भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट नजीर प्रतिपादन (निलम पौडेलसमेत वि. मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण, ने.का.प. २०६७, माघ, पृ.१६४१) भएको पाईन्छ । तसर्थ प्रतिवादीहरु सुगम घिमिरेको घर कोठाबाट गोलीहरु वरामद भएको र सन्नी गुरुङको साथबाट रिभल्भर र गोली वरामद भएको, उक्त रिभल्भर सुगम घिमिरेले सन्नी गुरुङलाई दिएको भन्ने तथ्य स्पष्ट हुन आएको छ ।

प्रतिवादी सन्नी गुरुङ र सुगम घिमिरेले यस कार्यालयमा कसुरमा इन्कार रही वयान गरेता पनि आफ्नो इन्कारीलाई पुष्टि गर्ने ठोस सबुद प्रमाण पेश गर्न सकेको भने पाइएन । अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा प्रतिवादीहरु सचेत अवस्थामा र आफुले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा रहेका, कुनै पनि यातना, धम्की, आश्वासन, प्रलोभन दिईएको नदेखिएकोले प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी समक्ष गरेको साविती बयानलाई प्रमाणमा लिन हुने नै देखियो । प्रतिवादीहरु सन्नी गुरुङ र सुगम घिमिरेका साक्षीहरु ओम गुरुङ र अभिषेक बस्नेतले यस कार्यालयमा आई प्रतिवादीहरु निर्दोष रहेको भनी बकपत्र गरेता पनि **तथ्यगत परिस्थितिले प्रतिवादीहरुको घटनामा संलग्नता देखाई सकेको अवस्थामा त्यसको विपरित साक्षीले गरेको बकपत्र सत्य कुरामा आधारित नदेखिएको अवस्थामा कसुरदारले सफाई पाउन नसक्ने** (उमेश गुरुङ वि. नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान/ज्या.मा.उ., नि.नं. ८७१७, मितिः २०६८।४।२५)। भनी सम्मानित सर्वोच्च अदालतबाट व्याख्यासमेत भएको छ । प्रतिवादीको इन्कारी बयान र साक्षी बकपत्र सफाईको आधार बन्न सक्दैन । तसर्थ माथि विवेचना गरिए अनुरुपका खानतलाशी वरामदी मुचुल्काहरुबाट उठान भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरु अधिकार प्राप्त अधिकारी समक्षको बयानमा आफुहरु उपर लगाइएको अभियोगमा सावित रहेका, निजहरुले यस कार्यालयमा गरेको इन्कारी बयान स्पष्ट प्रमाणको अभावमा पुष्टि हुन नसकेको र प्रतिवादीहरुले यस कार्यालयमा गरेको इन्कारी बयानलाई मात्र निर्दोषिता ठहर हुने आधारको रुपमा लिन नसकिने भएकाले सुगम घिमिरे र सन्नी गुरुङले बिना लाईसेन्स

हातहतियार खरखजना आफुसाथ राखी साथमा लिएर हिडिं हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) र ५(१) वमोजिम कसूर गरेको ठहर्छ ।

अवः यो रिभल्वर तथा गोलीहरु ल्याउने, साथमा बोकी हिड्ने र राख्ने कार्यमा प्रतिवादीहरुको को कसको कस्तो संलग्नता छ भन्ने सम्वन्धमा विचार गर्दा मिति २०७०।१०८ गते का.म.न.पा ४, धुम्वाराहीमा सन्नी गुरुङको साथबाट रिभल्वर १ र गोली राउण्ड १ वरामद हुदा प्रतिवादीहरु तेजन श्रेष्ठ, दोसन वली र विसाल पुन सगैं रहेका र खानतलासी तथा वरामदी मुचुल्काको रोहवरमा सनाखत गरेका तर निजहरुको साथबाट क्रमशः विसाल पुनको साथबाट Apple कम्पनीको I-Phone र दोशसन वलीको साथबाट सोही कम्पनीको I-Phone (मोवाइल) १ र तेजन श्रेष्ठको साथबाट Samsung कम्पनीको Tab थान १, Colors कम्पनीको मोवाइल थान १ मात्र वरामद भएको देखिन्छ । त्यसै गरी मिति २०७०।१०९ मा प्र.शिवप्रसाद घिमिरेको घर खानतलासी गर्दा निजकै छोरा अर्का प्रतिवादी सुगम घिमिरेको कोठाभित्रको दराजबाट १३ राउण्ड गोली वरामद भएको र सो को रोहवरमा प्र.शिवप्रसाद घिमिरेले घरधनीका हैसियतमा सहीछाप गरेको देखियो ।

प्र. तेजन श्रेष्ठको हकमा विचार गर्दा निजको साथबाट कुनै हातहतियार खरखजना वरामद नभएको, अनुसन्धानको क्रममा वयान गर्दा *आफुले सुगम घिमिरेलाई नचिनेको, सन्नी गुरुङले साथीलाई भेट्न जाउँ भनी आग्रह गर्दा निजको साथमा पुल्चोकसम्म गएको, सन्नी गुरुङ र सुगम घिमिरे बीच हातियारको लेनदेनको विषयमा आफुलाई कुनै जानकारी नभएको, सुगम घिमिरे बाहेक अरुलाई चिनेको, अन्जानमा निजहरुसँग संगत भएको, पक्राउ पर्दा कुनै आपराधिक योजना नबनाएको, सन्नी गुरुङको साथमा हतियार र गोली छ भन्ने पूर्व जानकारी नभएको र धुम्वाराहीमा बसी राखेको अवस्थामा सन्नी गुरुङले सुगम घिमिरेले राख्न दिएको हतियार र गोली छ भनी देखाएपछिमात्र थाह भएको र सन्नी गुरुङले अवैध हतियार राखेको छ भन्ने थाह पाएको भए संगत नै गर्ने थिइन, प्रहरीले सन्नी गुरुङको साथबाट रिभल्वर १ र गोली राउण्ड १ वरामद भएको आफुले देखेको* भनी वयान गरेका, यस कार्यालयमा वयान गर्दा *आफु सुगम घिमिरेलाई भेट्न सन्नी गुरुङसँग पुल्चोक नगएको, धुम्वाराहीमा ४ जना बसी राखेको अवस्थामा प्रहरी आई चेकजाँच गर्दा विवाद भएको, सन्नी गुरुङको साथबाट हतियार वरामद भएको नदेखेको, अनुसन्धानको क्रममा भएका कागजातहरुमा प्रहरीले पढ्न नदिई सहीछाप गराएको* भनी आफ्नो तथा अर्का प्रतिवादी सन्नी गुरुङको समेत प्रतिरक्षा गर्न खोजेको देखिन्छ । निजलाई हतियार बारे पूर्व जानकारी नभएको र निजको साथबाट हतियार वरामद नभएको, चुरोट खाई बस्दा कुनै आपराधिक योजना नभएको भन्ने जिकिर र तथ्यसमेत विश्वसनीय देखिन्छन् । आफ्नो प्रतिरक्षा गर्दा साथीको पनि प्रतिरक्षा गर्ने मनसाय मात्र यी प्रतिवादीमा रहेको देखियो । *धुम्वाराही स्थित अपार्टमेन्ट पछाडि आपसमा ठुलो स्वरले गफ गर्दै हाँस्दै बसी रहेको अवस्थामा प्रहरी आई निजहरुलाई सोधपुछ केरकार गर्न लाग्दा प्रहरीसँग वादविवाद भनाभन भएकै कारणले पक्राउ गरी लगेको सम्म हो, तत्समयमा यी प्रतिवादीहरुबाट कुनै हतियार वरामद भएको थिएन* भनी प्रतिवादी तेजन श्रेष्ठ र विसन पुनका साक्षी कुलबहादुर सुनुवारले यस कार्यालयमा बकपत्र समेत गरेकाले माथि विवेचित कागज प्रमाण कागजातहरुका आधारमा यी प्रतिवादी तेजन श्रेष्ठको हातहतियार खरखजाना ल्याउने, राख्ने, बोकी हिंड्ने कार्यमा कतै संलग्नता देखिएन । अपराध शंकारहित तवरले पुष्टि हुनु पर्दछ । सँगै रहेका साथीको साथबाट हतियार खरखजना वरामद भएकै आधारमा मात्र यी प्रतिवादी तेजन श्रेष्ठलाई फौजदारी अपराधमा कसुरदार ठहर गर्न सकिएन । निजले अभियोग दावी बमोजिम हातहतियार खरखजना राख्ने, साथमा बोकी हिड्ने कसूर गरेको भनी विश्वास गर्न नसकिएकोले निजको हकमा अभियोग दावी पुग्न सकदैन । प्रतिवादी तेजन श्रेष्ठले सफाई पाउने ठहर्छ ।

प्रतिवादी दोशन वलीका हकमा विचार गर्दा निजको साथबाट मोवाइल थान १ मात्र वरामद भई कुनै हातहतियार खरखजना वरामद नभएको, अनुसन्धानका क्रममा *आफु र विसन पुन चिया खादै गरेको अवस्थामा सन्नी गुरुङ र तेजन श्रेष्ठ आई पुगेको, ४ जना गफ गरी बसेको अवस्थामा प्रहरी आई चेकजाँच गर्दा सन्नी गुरुङको साथबाट हतियार र गोली वरामद भएको, उक्त वारदातमा आफ्नो कुनै संलग्नता नभएको, सन्नी गुरुङसँग हतियार छ भन्ने चाल नपाएर मात्रै सँगै बसेको* भनी वयान गरेका र यस कार्यालयमा वयान गर्दा आफ्नो र अन्य प्रतिवादीहरुको समेत प्रतिरक्षा गर्दै कसूरमा इन्कार रहेका, निजका साक्षी रिक्जेन तामाङले यस कार्यालयमा गरेको वकपत्र र प्र. तेजन श्रेष्ठकै सम्वन्धमा माथि विवेचना गरिएका तथ्यहरु समेतका आधारमा निज प्रतिवादी दोसन वली उपरको अभियोग दावी पुग्न सकदैन । प्रतिवादी दोसन वलीले अभियोग माग दावीबाट सफाई पाउने ठहर्छ ।

अर्का प्रतिवादी विसन पुनका हकमा विचार गर्दा निजको साथबाट कुनै हातहतियार खरखजना वरामद नभएको र अनुसन्धानको क्रममा वयान गर्दा *४ जना सँगै बसेको अवस्थामा प्रहरी आई चेकजाँच गर्दा सन्नी गुरुङको साथबाट हतियार वरामद भएको,आफुलाई हतियार वारे जानकारी नभएको, सन्नी गुरुङसँग हतियार भएको थाह पाएको भए संगत नै नगर्ने र अन्जानमा संगत भएको* भनी खुलाई यस कार्यालयमा वयान गर्दा तेजन श्रेष्ठ र दोसन वलीकै व्यहोरासँग मेलखाने गरी वयान गरेको देखिदा माथि तेजन श्रेष्ठ र दोसन वलीको विषयमा विवेचना गरिएका तथ्यहरुकै आधारमा प्रतिवादी विसन पुन उपरको अभियोग माग दावी पुग्न सक्दैन । निजले अभियोग मागदावीबाट सफाई पाउने ठहर्छ ।

प्रतिवादी शिवप्रसाद घिमिरेको हकमा विचार गर्दा निज प्रतिवादीको घर भित्रबाट गोली राउण्ड १३ वरामद भएको, निजको छोरा अर्का प्रतिवादी वर्ष १८ का सुगम घिमिरेले उक्त गोली सहितको पेस्तोल सुनसरीमा फेला पारी काठमाण्डौं ल्याई आफ्नो कोठामा दराजभित्र लुकाई राखेको र घरभित्र राखी रहंदा आफु र परिवारका मान्छेलाई अप्ठ्यारो पर्न सक्छ कि भनी सन्नी गुरुङलाई रिभल्वर र गोली १ दिएको, सो हतियार र गोलीहरु आफुसँग भएको भनी कसैलाई नवताएको भनी वयान गरेका र यस कार्यालय समक्षको वयानमा प्रतिवादी शिवप्रसाद घिमिरे तथा सुगम घिमिरे दुवैजना कसुरमा इन्कार रहेका, प्रतिवादी सुगम घिमिरे माथि विवेचना गरिए बमोजिम कसुरदार भई ठहर भई सकेको र निजले उक्त हतियार तथा गोली वारे कसैलाई थाह नभएको भनी वयान गरेको अवस्थामा घर भित्र उमेर पुगेका छोराले हातहतियार खरखजना राखेको विषयमा वावुलाई जानकारी हुनैपर्छ भनी मान्न सकिएन । **कुनै पनि व्यक्ति आफ्नो लापरवाही, भूल र त्रुटीप्रति निश्चय नै जिम्मेवार रहन्छ । तर अरु कसैको लापरवाही, भूल र त्रुटीको जिम्मेवार बनाउनु न्यायको उपहास हुने** (बेचन राय वि. शिक्षा सेवा आयोग, नि.नं ९०९५, मिति २०७०।८।२५) भनी सम्मानित सर्वोच्च अदालतबाट व्याख्यासमेत भएको छ । शिव प्रसाद घिमिरेका साक्षीहरु शिवनारायण श्रेष्ठ र अभिषेक बस्नेतले यस कार्यालयमा निज प्रतिवादी निर्दोष रहेको भनी गरेको बकपत्र लगायत माथि विवेचना गरिएका तथ्य। सिद्धान्त र कागजातहरुका आधारमा यी प्रतिवादी शिवप्रसाद घिमिरेले हातहतियार खरखजना राख्ने, बोकी हिड्ने गरेकोले सजाँय गरी पाउँ भन्ने अभियोग मागदावी पुग्न सक्दैन । प्रतिवादी शिवप्रसाद घिमिरेले अभियोग दावीबाट सफाई पाउने ठहर्छ ।

प्रतिवादीहरु सन्नी गुरुङ र सुगम घिमिरेलाई के कस्तो सजाँय हुने हो भन्ने सम्वन्धमा विचार गर्दा प्रतिवादी सुगम घिमिरेलाई यस कार्यालयबाट मुद्दा पूपर्क्षका लागि थुनामा राख्ने गरी भएको आदेश विरुद्ध परेको निवेदन उपर *यी प्रतिवादी कुनै नियोजित आपराधिक योजनामा संलग्न रहेको अवस्था वा निज प्रतिवादी खराव आचरण भएको मानिस हुन् भन्ने अवस्था प्रमाणबाट नदेखिएको एवं निजको उमेर, पेशा र मानसिक अवस्थाको सम्वन्धमा विचार गर्दा १८ वर्षको १० प्लस २ स्तरको ए लेवलमा अध्ययनरत अपरिपक्व उमेरका छात्र रहेकोले थुनामा राख्ने आदेश मनासिव नदेखिएकाले बदर गरिदिइएको छ । निजसँग रु १,५०,०००।- वा सो वरावरको जेथा जमानत माँग गरी निजलाई थुनामुक्त गरी तारेखमा राखी मुद्दाको पूपर्क्ष गर्नु* भनी पुनरावेदन अदालत पाटनबाट आदेश जारी भएको र उक्त आदेशमा उल्लेखित आधार कारणहरु हाल पनि विद्यमान र सान्दर्भिक रहेकाले निजलाई कैदको सजाँय गर्दा चर्को पर्न जान्छ कि भन्ने दृष्टिकोणले निजलाई हातहतियार खरखजना ऐन,२०१९ को दफा २०(२) बमोजिम रु १,००,०००।- ( एक लाख ) र ऐ. ऐनको दफा २०(३) बमोजिम रु ५५,०००।- ( पचपन्न हजार ) गरी जम्मा रु १,५५,०००।- ( एकलाख पचपन्न हजार ) जरिवाना हुन्छ । प्रतिवादी सन्नी गुरुङको हकमा सजाँय तर्फ विचार गर्दा निज प्रतिवादी मिति २०७०।१०।८ मा पक्राउ परी हालसम्म थुनामा नै रहेका, अर्का प्रतिवादी सुगम घिमिरेबाट हातहतियार तथा गोली लिएकै दिन वरामद भई फक्राउ परेका, हातहतियारको अन्य कतै प्रयोग गरी आपराधिक घटनामा संलग्न भएको भन्ने कुनै प्रमाण नभेटिएको, आपराधिक योजना बनेको नदेखिएको, मानसिक रुपमा अपरिपक्व १८ वर्षको उमेर र १२ कक्षामा अध्ययनका विद्यार्थी भएकाले भविष्यमा सुध्रन सक्ने अवस्था विद्यमान देखिएकोले निजलाई कैदको सजाँय गर्दा अलिक चर्को पर्न जाने भई जरिवाना सजाँय गर्न न्यायोचित र व्यावहारिक हुने हुदाँ निजलाई ऐ.दफा २०(२) बमोजिम रु १,००,०००।- ( एक लाख ) र ऐ.दफा २०(३) बमोजिम रु २०,०००।- (बीस हजार ) गरी जम्मा रु १,२०,०००।- ( एकलाख बीस हजार ) जरिवाना हुन्छ । वरामद भई आएको पेस्तोल तथा गोली ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अभियोग पत्रबाट माग भए बमोजिम पक्राउ गर्ने प्रतिवेदक प्रहरी कर्मचारीले हातहतियार खरखजना ऐन, २०१९ को दफा २५ बमोजिम प्रतिवादीहरुलाई ठहरेको जरिवानाको एक चौथाई पुरस्कार दिने तथा अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी सुगम घिमिरेलाई रु १,५५,०००।- (एक लाख पचपन्न हजार ) जरिवाना हुने ठहरेकोले निजले मिति २०७०।११।२३मा र.नं.२६५२ बाट राखेको धरौटी रकम रु १,५०,०००।- राजश्वमा सदरस्याहा गरी नपुग जरिवाना रकम रु ५०००।-लगत कसी असुल उपर गर्नु........................१

प्रतिवादी सन्नी गुरुङलाई रु १,२०,०००।- (एक लाख बीस हजार ) जरिवाना हुने ठहरेकोले निजलाई ठहरेको जरिवाना मू.ऐ. अ.बं. १२० तथा दण्ड सजाँयको महलको ५३ नं. बमोजिम गरी दाखिला गरे निजलाई थुनाबाट छाडि दिन लेखी पठाउनु । जरिवाना दाखिला नगरेमा दण्ड सजाँयको महलको ३८ को देहाय २ नं. बमोजिम ४ (चार) बर्ष कैदमा बस्ने गरी कैदी पूर्जी दिनु................................................२

प्रतिवादीहरु शिवप्रसाद घिमिरे, दोसन वली, तेजन श्रेष्ठ र विसन पुनले अभियोग दावीबाट सफाई पाउने ठहरेकोले निजहरुले मुद्दा पूर्पक्षको सिलसिलामा मिति २०७०।१०।२९ मा यस कार्यालयमा राखेको धरौटी रकम फिर्ता पाँउ भनी प्रस्तुत मुद्दा अन्तिम किनारा भए पछि वा पुनरावेदन म्याद नाघे पछि ऐनका म्याद भित्र प्रतिवादीहरुका तर्फबाट निवेदन परे नियमानुसार फिर्ता दिनु. ........................................................३

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु............................................................................४

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु सुगम घिमिरे र सन्नी गुरुङलाई पुनरावेदन म्याद दिनू.................................................५

प्रस्तुत फैसलामा चित्त नबुझे ७०(सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारीसहित पुनरावेदन म्याद दिनू....६

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.........७

प्रतिवेदक कर्मचारीले पुरस्कार पाउने ठहरेको रकम सम्बन्धमा सम्बन्धित प्रहरी वृत्तमा र नियमानुसार भुक्तानीका लागि यसै कार्यालयको लेखा शाखामा जानकारी दिनु......................................................८

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..............................................................................९

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल पौष ३० गते रोज ४ शुभम् ......................
प्रशासकीय अधिकृतः कृष्ण गैह्रे